कार्यपालिकाबाट पास भएको मितिः- २०७५/०४/१४

# कैलारी गाउँपालिका
# हसुलिया,कैलाली

## कैलारी अनुगमन तथा समन्वय कार्यविधि,२०७५
## (पहिलो संसोधन,०७५)

कैलारी गाउँपालिका
हसुलिया,कैलाली

# अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५

## प्रस्तावनाः

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था गरेको छ । विधानको मूल मर्मलाई आत्मसात गर्दै स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह वीचको सहकारिता, सहअस्थित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा (१६) तथा स्थानीय तहको कानून निमार्ण प्रकृया ऐन, २०७५ को दफा ३ को २ ले दिएको बमोजिम गाउँपालिकाका विकास निमार्णका विषय पहिचान र व्यवस्थापन गर्न गाउँपालिका, विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता एवं व्यवस्थापनका लागि चरण चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि आवश्यक नीतिको तर्जुमा तथा सुझाव दिई योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयनका लागि कैलारी गाउँपालिकाले अनुगमन तथा सुपरिवेक्षण कार्यबिधि तयार गरेको छ ।

# परिच्छेद १
# प्रारम्भ खण्ड

## १) कार्यविधिको नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम कैलारी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ रहनेछ ।
ख) यो कार्यविधि कैलारी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
क) "कार्यविधि" भन्नाले अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।
ख) "सभा" भन्नाले गाउँसभा सभालाई सम्झनु पर्दछ ।
ग) "कार्यपालिका" भन्नाले कैलारी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।
घ) "अध्यक्ष" भन्नाले कैलारी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।
ङ) "उपाध्यक्ष" भन्नाले कैलारी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।
च) "वडा अध्यक्ष " भन्नाले कैलारी गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।
छ) "वडा सदस्य " भन्नाले कैलारी गाउँपालिकाका वडा सदस्यलाई सम्झनु पर्दछ ।
ज) "समिति" भन्नाले गाउँपालिका/वडा स्तरिय अनुगमन समितिलाई सम्झनु पर्दछ ।
झ) "कार्यालय" भन्नाले कैलारी गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ञ) “योजना/आयोजना” भन्नाले गाउँपालिका भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा संचालनमा रहेका योजना तथा आयोजनाहरूलाई सम्झनु पर्दछ ।

# परिच्छेद २
# अनुगमन खण्ड

## ३) उद्देश्य

१. संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा गाउँपालिकामा संचालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।
२. गाउँपालिका भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।
३. गाउँपालिका भित्र संचालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्न सम्बन्धित पक्षलाई परिचालन गर्ने ।
४. विकास आयोजनाहरू संचालनमा देखिएका वाधा अडकाउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।
५. संचालित योजना तथा आयोजनाहरू तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुर्‍याउने ।
६. सघन अनुगमनको माध्यमबाट संचालित योजना तथा आयोजनाहरूको समस्याहरूको पहिचान गरी सम्बन्धित निकायलाई सुधारका लागि सुझाव सहित सचेत गराउने र सचेत गराउँदा समेत वेवास्ता गरेमा प्रदेश वा संघमा लेखि पठाउने ।
७. अनुगमनको क्रममा योजना तथा आयोजनाहरूको संचालनमा ढिलासुस्ती, लापरवाही, चुहावट र श्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको ताकेता गर्ने ।
८. कुनैपनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पर्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।
९. प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका माध्यमबाट गाउँपालिकाको दीगो विकासमा सहयोग पुर्‍याउने ।

## ४) अनुगमन तथा सुपरिवेक्षण समिति :

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, को दफा (१६), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिर्गदशन (परिमार्जित),२०७४ मा भएको व्यवस्था अनुसार गाउँपालिका भित्र संचालनमा रहेका राष्ट्रिय गौरवका योजना, संघ, प्रदेश, गाउँपालिकाका, गैसस तथा दातृ संस्थाबाट संचालित विकास निर्माण तथा सेवा सम्बन्धी योजना तथा आयोजनाहरूको अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि देहाय बमोजिमको समिति रहेनेछ ।

क) **गाउँपालिका स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

- गाउँपालिकाका उपाध्यक्ष — संयोजक
- कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई महिला सहित ५ जना — सदस्य
- संयोजकले तोकेको बिषयगत शाखाको प्रमुख — सदस्य

- योजना शाखाका प्रमुख — सदस्य
- प्रमुख प्रशासकिय अधिकृत — सदस्य सचिव

समितिले कार्यपालिका सदस्य तथा बिषय बिज्ञहरुलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछ।

ख) **वडा स्तरिय योजना अनुगमन समिति**

- सम्बन्धित वडाको अध्यक्ष — सयोजक
- वडा सदस्यहरु — सदस्य
- वडा सचिव — सदस्य सचिव

गैह्रसरकारी संघ संस्थाहरुबाट संचालित कार्यक्रमहरुको अनुगमन परियोजना सल्लाहकार समितिले समेत गर्ने छ।

**५) अनुगमनका विषय क्षेत्र** :

१. योजना/आयोजना/कार्यक्रमको छनौंट प्रक्रिया (पहिचान, प्राथमिकीकरण, छनौंट),
२. आयोजनाको कूल लागत अनुमान।
३. योजना/आयोजना/कार्यक्रमको सामाजिक समावेशीकरण, दिगो विकास जस्ता अन्तर सम्बन्धित विषय,
४. योजना/आयोजना/कार्यक्रमको संचालन कार्यान्वयन अवस्था,
५. आयोजना संचालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना,
६. जनसहभागिता तथा आपसी समन्वयको अवस्था,
७. योजना/आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका प्रमुख समस्या,
८. योजना कार्यान्वयनको अवस्था,
९. अनुगमन गर्ने विषयको क्षेत्र, संख्या, प्रकृति र गाम्भिर्यताको आधारमा अनुगमन तथा सघन अनुगमन गर्न सकिने छ।

## ६) अनुगमनको समीक्षा, सुझाव, निर्देशन र प्रतिवेदन सम्बन्धि व्यवस्था

१. अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुले अनुगमनमा जानु पहिले बैंठकमा अनुगमन कार्ययोजनाको निमार्ण गरी अनुगमनको क्षेत्र, बिषयहरुको निर्धारण गर्नु पर्ने।
२. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमनको प्रतिवेदन नतिजा उपर छलफल एवं समीक्षा गरी सम्बन्धित पक्षलाई सुधारका लागि सुझाव वा निर्देशन दिन सक्नेछ। तर यस प्रकारको समीक्षा बैठक आवश्यकता अनुसार  बैठक बस्न पनि कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन।
३. दफा ५ को उपदफा १ अनुसार दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना संचालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा गाउँपालिकाकाले काम रोक्का गर्न वा कारवाही गर्न सक्नेछ।
४. अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन पश्चात् दिएको सुझाव/निर्देशनको पालन गर्नु सम्बन्धित सम्बद्ध पक्षको कर्तव्य हुनेछ।
५. सघन अनुगमन प्रतिवेदनको ढाँचा तयार गरी पेश गर्नु पर्नेछ। अनुगमन सूचीमा विषय क्षेत्र हेरी गाउँपालिकाले परिमार्जन गर्न सक्नेछ। योजनागत अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ।
६. अनुगमन तथा सुपरिवेक्षण समिति तथा वडा स्तरिय अनुगमन समितिले गाउँपालिकामा अनुगमन गरे पश्चात अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नु पर्ने छ। प्रतिवेदन पेश नभएको अनुगमन मान्य हुनेछैन।

### ७) अनुगमनमा संलग्न पदाधिकारीहरूको सुविधा सम्बन्धी व्यवस्था

१. अनुगमन तथा सुपरिवेक्षणको सिलसिलामा आयोजना तथा योजना अनुगमनका लागि योजनास्थलमा जाँदा  अनुगमन सुपरिवेक्षण समितिका पदाधिकारीहरूले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्नेछ । तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्नेछ ।

२. अनुगमनमा जाँदा अनुगमनका पदाधिकारीहरू एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले गाउँपालिकाले तोके अनुसारको अनुगमन भत्ता पाउने छन् ।

# परिच्छेद ३
# विविध खण्ड

### ११) बाधा अडकाउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्था

१. यस कार्यविधि कार्यान्वयमा कुनै बाधा अडकाउ परेमा गाउँकार्यपालिकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२. कार्यविधिलाई आवश्यकता अनुसार कैलारी गाउँकार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३. कैलारी गाउँपालिका भित्र संचालित सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुको हाल सम्म भए/गरेका अनुगमन तथा सुपरिवेक्षण सम्बन्धि कार्य यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

# अनुसूची-१

# कैलारी गाउँपालिका
# हसुलिया,कैलाली
## आयोजनाहरूको अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमन मितिः ............................

### १) योजना/आयोजनाको संक्षिप्त विवरणः

क) योजना/आयोजना संचालन गर्ने तह/निकायः
ख) योजना/आयोजनाको नामः
ग) संचालन स्थानः............................................ गा.पा.: ............................ वडा नं.: .......
घ) कूल लागत रु.: ..........
ङ) स्वकिृत श्रोतहरू
    क) सम्बन्धित स्थानीय सरकारबाट रुः
    ख) उपभोक्ताबाट रुः
    ग) नेपाल सरकारबाट रु.
    घ) प्रदेश सरकारबाट रु.
च) अन्यः .................................. बाट रु.
छ) योजना/आयोजना सम्झौता मितिः
ज) योजना/आयोजना सम्पन्न गर्नु पर्ने मितिः
झ) म्याद थप भएको भए थप म्यादः
ञ) उपभोक्ता समितिको अध्यक्षको नाम, ठेगाना वा ठेकेदारको नाम, ठेगानाः
ट) पेश्की/भुक्तानी भएको रकम

- प्रथम किस्ता रुः
- दोश्रो किस्ता रुः
- तेश्रो किस्ता रु.

**जम्माः**

## २) संचालित योजना/आयोजनाको अवस्था

क) प्राविधिक मूल्याङ्कन भईसकेको भए सोको प्रगति प्रतिशतः
ख) उपभोक्ता समितिको सक्रियता भएको/नभएकोः
ग) भौतिक रुपमा हेर्दा देखिने अवस्थाः
घ) कार्यतालिका अनुसार कार्य भए/नभएकोः
ङ) निर्माण समाग्रीहरूको निर्माण स्थलमा देखिएका भए सोको विवरण

| क.सं. | सामाग्रीको नाम | अनुगमन परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |
| ङ) | | | |

## ३) योजना/आयोजना कार्यान्वयमा देखा परेका समस्याहरूः
उपभोक्ता समितिको भनाई
क)
ख)
ग)
घ)
ङ)

**अनुगमन तथा सुपरिवेक्षण कर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरूः**
क)
ख)
ग)
घ)

## ४) उपभोक्ता समितिका अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्षको दृष्टिकोण
क)
ख)
ग)
घ)

## ५) योजना/आयोजना सम्पन्न गराउनका लागि सुझावहरू (अनुगमनकर्ताको दृष्टिकोण)
क)
ख)
ग)
घ)

## ६) अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय व्यक्तिहरू

| क्र.सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

## ७) अन्य

रकम पेश्की लगेर हालसम्म कार्य प्रारम्भ नै गरेको छैन भने,

क) रकम पेश्की लग्ने व्यक्ति संग सम्पर्क भयो भएन यदि भएको भए निजको भनाई के छ ?

ख) निजको काबु वाहिरको परिस्थितिले कार्य प्रारम्भ गर्न नपाएको हो वा लापरवाही गर्ने सोचाइ राखेको हो अनुगमनकर्ताको राय

ग) निज सम्पर्क नै हुन सकेन भने निज कहाँ छन् ? निजको परिवारका नाता पर्ने सदस्यको भनाई

## ८) अनुगमनकर्ताद्धारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समितिलाई दिइएको निर्देशन

## ९) योजना/आयोजनाको गुणस्तर

**अनुगमनकर्ताको नाम, थरः**

**क) पदः**

**ख) दस्तखतः**

**ग) मितिः**

# अनुसूची-२
## कैलारी गाउँपालिका
## हसुलिया,कैलाली
# योजना/आयोजना सुपरिवेक्षण पश्चात् भर्नु पर्ने फारामको नमूना

आ.व.: ...........................

अवधिः

.................................. देखि .................... सम्म                    स्थानीय तहः ..............

| क्र.सं. | आयोजनाको नाम | योजनाको ठेगाना गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधिको लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्रगति हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधान गरिएका उपायहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |